# व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) विधेयक, २०६६ सम्बन्धी कार्यशाला गोष्ठी, नयाँ वानेश्वर, काठमाडौं
## असार २८, २०६६
## प्रतिवेदन

व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) विधेयक, २०६६ का सम्बन्धमा सरोकारवालाहरु, मानव अधिकारवादीहरु, राजनीतिकर्मीहरु र यस विषयका विज्ञहरुसंग राय सुझाव लिई विधेयकलाई अन्तिम रुप दिने उद्देश्यले नेपाल सरकार शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट असार २८ गते नयाँवानेश्वर स्थित एभरेष्ट होटलमा कार्यशाला गोष्ठिको आयोजना गरिएको थियो ।

सो कार्यक्रममा शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सचिव श्री माधवप्रसाद घिमिरेले सहभागिहरुलाई स्वागत व्यक्त गर्दै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । मा. शान्ति तथा पुनर्निर्माण राज्य मन्त्री डिल्लीबहादुर महतज्यूबाट कार्यक्रमलाई सम्बोधन गर्दै द्वन्द्व अवधिमा बेपत्ता भएका व्यक्तिको स्थिति जुनसुकै पक्षले बेपत्ता पारेको भएपनि सार्वजनिक हुनु पर्ने त्यसरी आफन्तलाई बेपत्ता पारेका कारण पीडित हुन पुगेकालाई राहत प्रदान गर्नु पर्ने र त्यस्तो बेपत्ता पार्ने कार्यका संलग्न व्यक्तिलाई सजाय गर्नु पर्ने हुदाँ सरकारले यो विधेयक तयार गरेको छ, यसलाई परिमार्जन गर्न यहाँहरुको अमूल्य सुझावले सहयोग गर्नेछ भन्ने कुरा व्यक्त गर्नु भयो ।

उक्त कार्यक्रममा मा. शान्ति तथा पुनर्निर्माण मन्त्री रकम चेमजोङ्ग्ज्यूबाट पनि सम्बोधन भई कार्यक्रमको शुरुआती मन्तव्य व्यक्त गर्नु भएको थियो । मन्तव्यको क्रममा मा. मन्त्रीज्यूले बेपत्ता पारिएका व्यक्तिको यथार्थ स्थिति छानविन गर्न एउटा निष्पक्ष आयोग गठन गर्ने सिलसिलामा त्यसको कानूनी संरचना तयार गर्न विधेयकको निर्माण भएको हो र यस विधेयकका सम्बन्धमा यस कार्यक्रममा सहभागि पीडित, यस विषयका विज्ञहरु, तथा मानवअधिकारवादीहरु सबैको राय सुझाब लिएर त्यसलाई परिमार्जन गरी अन्तिम रुपमा तर्जुमा गरी चाँडो भन्दा चाँडो व्यवस्थापिका संसदमा पेश गरिने प्रतिवद्धता व्यक्त गर्नुभयो । सो क्रममा सबैलाई विधेयक परिमार्जनको लागि अमूल्य सुझाव दिई सहयोग गर्न अनुरोध गर्दै कार्यक्रम सुरुआत भएको कुरा व्यक्त गर्नु भयो ।

सो कार्यक्रममा संविधानसभाका माननीय सदस्यज्यूहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, द्वन्द्वविद् मानव अधिकारकर्मी, संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालय नेपालका प्रमुख रिचर्ड वेनेट, ICRC का प्रतिनिधि, ICTJ का प्रतिनिधि लगाएत अन्य NGO एवं INGO का प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

सो कार्यक्रममा व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) विधेयक सम्बन्धमा सहसचिव श्री मधु प्रसाद रेग्मीले कार्यपत्र गर्नु भएको थियो । उक्त कार्यपत्र यसैसाथ संलग्न छ । सो कार्यपत्रको प्रस्तुती पछि सहभागिहरुले आ-आफ्ना सुझाब एवं प्रतिक्रिया व्यक्त गर्नु भएको थियो । उक्त सुझाव एवं प्रतिक्रियाहरुको संक्षिप्त टिपोट यस प्रकार रहेको छ ।

**काशिराज दाहाल**

- भुतप्रभावी कानून (Retroactive effect) संविधानसंग मेल नखाने हुँदा त्यस्तो भुतप्रभावी कानून निर्माण गर्दा त्यसको औचित्य र कारण खोल्नु पर्ने । वैधानिकता सुनिश्चित हुनुपर्‍यो ।
- महान्यायाधिवक्ताको नियुक्ति राजनैतिक हुने हुँदा आयोगबाट दोषी देऐकालाई Attorni General ले Reverse गर्न नसक्ने वचाउका उपायहरु खोजौं । प्रतिवेदनको आधारमा मुद्दा चलाउन सिफारिस गरिएका व्यक्तिलाई महान्यायाधिवक्ताले मुद्दा नचल्ने निर्णय गर्‍यो भने आयोगको छानविनको औचित्य रहदैन । त्यसैले महान्यायाधिवक्ताले सरकारी मुद्दा सम्बन्धी ऐनको सबै प्रकृया पुरा गर्नु पर्ने हो वा नपर्ने हो विधेयकमा स्पष्ट हुनु पर्छ ।
- अन्तरिम प्रतिवेदनका माध्यमबाट पनि मुद्दा चलाउन लेखि पठाउने व्यवस्था राख्नुपर्ने ।
- दफा १७(६) -आयोगको क्षेत्राधिकारका सम्बन्धमा भाषागत रुपमा मिलाउने ।
- पुनःआयोग गठन हुन नसक्ने गरि रोक लगायो । भोलिका दिनमा आयोग गठन गर्ने ठाउँ दिनुपर्छ कि ?

**टीकाराम भट्टराई**

- सत्य निरुपण तथा मेलमिलाप आयोग र व्यक्ति बेपत्ता सम्बन्धी छानबिन आयोग आपसमा सम्बन्धित (Corelated) भएको सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी ऐन पनि संगसंगै ल्याउनु उपयुक्त हुन्छ ।
- महान्यायधिवक्ताले छानविन गर्ने प्रक्रिया आपत्तिजनक ।
- परिवारमा “धर्मपुत्र, धर्मपुत्री, कानूनी संरक्षक” थप गर्नुपर्ने ।

- योे विधेयकले बेपत्ता पार्ने कार्यबाट संगठित वा असंगठित समूहलाई उल्लेख गरेको छ । तर व्यक्तिलाई उन्मुक्ति दिएको छ । एक व्यक्तिले पनि वेपत्ता पार्न सक्ने कुरा उल्लेख गर्नुपर्ने ।
- "सम्वन्धित निकाय" परिभाषित गर्नुपर्ने ।
- सम्पर्क मन्त्रालयमा शान्ति तथा पुनर्निर्माण मन्त्रालय राखिएको छ, यदि यो मन्त्रालय खारेज भएमा के हुने स्पष्ट गरिनु पर्ने ।

**चक्र वास्तोला**

- आयोग गठन गर्नको लागि मात्रै हो वा आयोगले Investigation मात्रै गर्ने कि Law पनि propose गर्ने ?
- वेपत्ता पारिएका व्यक्तिको परिभाषा स्पष्ट छैन, स्पष्ट हुनुपऱ्यो ।
- दफा (४) मा व्यक्तिलाई वाहेक गर्न खोजेको आभास हुन्छ । प्रायोजित हिसावले आएको हो कि भन्ने महसूस हुन्छ ।
- राज्यद्वारा वेपत्ता पारिएको तिर वढी ढल्किएको महसूस हुन्छ । चाहे राज्य पक्ष होस चाहे विद्रोही पक्ष होस व्यक्ति बेपत्ता गराएको घटनामा सवै वरावर जिम्मेवार छन् । सबैलाई वरावर जिम्मेवार गराउनु पर्छ ।

**गोविन्द वन्दी**

- विधेयकमा धेरै सकारात्मक कुरा छन् ।
- कानूनको के नाम दिने ? राजेन्द्र ढकाल विरुद्ध नेपाल सरकार समेत भएको मुद्दामा अदालतबाट फैसला हुँदा बलपूर्वक वेपत्ता भन्ने कुरा उल्लेख छ ।
- परिभाषा - २४ घण्टा भन्दा वढी होइन कि Prolonged detention लामो समयसम्म कानूनको संरक्षणबाट वञ्चित गर्ने ।
- विधेयकमा वेपत्ता पारिने कार्यलाई मानवता विरुद्धको अपराध मानिने कुरा छुट्न गएको छ ।
- ICCPR को Art. 15 अनुसार retroactive effect भएको कानून वनाउन सकिन्छ । तदनुसार विधेयकमा भाषा मिलाउनपर्ने हुन्छ ।
- दश वर्ष सजाय कम भयो । Crime को Seriousness हेरी ३ वर्ष देखि २० वर्षसम्म गर्नु उपयुक्त हुने ।
- हदम्याद- Continuous crime भएको हुँदा हदम्याद नलाग्ने भन्ने सिद्धान्त अबलम्बन गरी कानून बनाउनुपर्ने हुन्छ ।

**विष्णुराज उप्रेती**

- TRC संगै आए महत्वपूर्ण हुन्छ । LPC को सापेक्षतामा हेरिनु पर्ने ।
- Psycho – social counseling को वारेमा केही कुरा उल्लेख भएन ।
- समग्रतामा हेरिनु पर्छ ।
- Attorney General ले मुद्दा चल्ने नचल्ने निर्णय गर्नु ठीक भएन ।

**प्रेम सुवाल**

- यो विधेयक सशस्त्र द्वन्द्वको अवधिमा भएका घटनासंग सिमित छ । सो भन्दा अघि पछिलाई किन न्याय नदिने ?
- उत्पादनका साधनको सामाजिकीकरण गर्नु पर्ने ।
- विधेयकको मस्यौदाको एक एक शब्दमा हजारौं खर्च भैसक्यो ।
- अन्याय गर्नेलाई सजाय गर्नुपऱ्यो, सवैको जीत हुने सोच नराखौं ।

**पुण्य खतिवडा**

- कमी कमजोरी प्रस्तुतीकरणमा लुकाइयो । विधेयकको "व्यक्ति वेपत्ता पार्ने कार्य विरुद्ध व्यवस्था गर्न वनेको विधेयक" हुनु पर्ने ।
- सजाय, हदम्याद, आयोग गठनका विषय स्वयं नै विवादास्पद छ ।
- व्यक्ति वेपत्ता पार्ने परिभाषा अन्तराष्ट्रिय कानूनको परिभाषा संग मिल्दैन ।
- परिभाषामा आश्रित, अभिभावक र संरक्षकलाई पनि राख्ने ।
- सक्षम आयोगको परिकल्पना यसमा गरिएन ।
- सैनिक ऐन संगको तादात्म्य हुनुपऱ्यो । सेनासंगको Access कसरी सुनिश्चित तुल्याउने ?
- सजायको न्यूनतम हद उल्लेख गर्ने ।
- नावालक र महिलाको हकमा विशेष व्यवस्था किन ?
- सार्वजनिक गर्ने कुरा उल्लेख छैन ?
- दफा १८ "सम्वन्धित व्यक्ति" को हो ?

– अन्तरिम राहतको व्यवस्था आयोग स्वयंले गर्नुपर्ने ।
– सरकारी वकीलले मुद्दा चलाउने निर्णय गर्नु उपयुक्त भएन ।
– प्रमाणको भार अभियोग लागेको व्यक्तिमा राखिनु उपयुक्त भएन । यसमा पुनर्विचार गर्नु पर्ने ।
– आयोगको म्याद थप गर्न सकिने व्यवस्था राखिदा उचित हुने ।
– कार्यविधिको वारेमा अधिकतम सीमा उल्लेख गर्नु पर्ने । थप गर्न सक्ने ।
– मृत्युको जानकारी आयोगले दिनुहुदैन । प्रभावकारी हुँदैन । सिफारिस मात्र गर्ने व्यवस्था राखिनु पर्छ ।

**मा. खिमलाल देवकोटा**

– सशस्त्र द्वन्द्वलाई Jurisprudeuce को दृष्टिले मात्रै हेरियो भने त्यो अपूर्ण हुन्छ । त्यसैले विधेयक निर्माण गर्दा शान्ति प्रकृयालाई पनि संगै हेर्ने उपयूक्त हुन्छ ।
– जतिवेला अध्यादेश जारी भयो त्यही वेलादेखि सरकार ढाल्ने खेल शुरु भयो ।
– नेपाली सेनाले अद्यापि "शाही सेना" को Letter Pad प्रयोग गरिरहेको छ ।
– शान्ति प्रक्रिया भत्काउने अभीष्ट छ । त्यसको जगमा उभिएर कसरी यस्तो आयोग गठन हुन्छ?
– नागरिक सर्वोच्ता कसरी हुन्छ ? सेनाको सहमति, राष्ट्रपतिको इच्छा के छ, त्यो थाहा नपाई विधेयकको प्रक्रिया अगाडि वढ्नु जरुरी छैन ।
– जसले वेपत्ता पाऱ्यो त्यतै तिर ढल्किनु स्वभाविक छ ।
– व्यक्ति वेपत्ता पार्ने र त्यसलाई Glorify गर्ने कुरा विधेयकमा हुनु भएन ।
– उच्चस्तरीय अधिकार सम्पन्न आयोग वन्नुपऱ्यो । Regular process होइन, विधि प्रक्रिया विशेष हुनुपर्छ । सजाय र हदम्यादमा कसूरको गम्भीरता हेरिनुपऱ्यो ।

**गणेश वि.क.**

– परिभाषालाई स्पष्ट तुल्याउनु उपयुक्त हने ।
– जरीवाना घटाएर कैद वढाउनु उपयुक्त हने ।
– राजनीतिक प्रक्रियामा संलग्न व्यक्तिवाट धनमाल फिर्ता हुने दफा ९ को व्यवस्थामा सुधार गरी राज्यबाट क्षतीपूर्ती दिने व्यवस्था राख्नु उपयुक्त हुन्छ ।
– महिलाको प्रतिनिधित्व पुगेन । १/३ हुनुपऱ्यो । समावेशी हुनुपऱ्यो ।
– महिला वालवालिकाको लागि विशेष व्यवस्था हुनुपऱ्यो ।
– यो ऐनसंग वाभिmएका अन्य ऐनको व्यवस्था खारेज हुने व्यवस्था गरिनु उपयुक्त हुन्छ ।
– महान्यायाधिवक्ताबाट मुद्दा चलाउने सम्बन्धमा अन्तिम निर्णय गर्ने व्यवस्था ठीक भएन ।
– ईश्वरको नाममा शपथ लिने व्यवस्था हटाई जनताको नाममा सफत लिने व्यवस्था राख्नु उपयुक्त हुने ।

**प्रा. रजीतभक्त प्रधानांग**

– Drafting मा आवश्यकता भन्दा वढी शव्द (Lacuna) हटाउने ।
– यो ऐन सत्य निरुपण तथा मेलमिलाप सम्बन्धी ऐनसंगै आउनु उपयुक्त हुन्छ ।
– यो ऐन अन्तराष्ट्रिय फौज्दारी कानूनको पनि एउटा भाग हा । It is not only a domestic law, but a part of international criminal law.
– Supreme Court को Directive order मा जुन शव्द प्रयोग भएको छ सोही बमोजिम ऐनको नामाकरण गर्न उपयुक्त हुने ।
– विधेयक पछाडी रहेका सवै उद्देश्य प्रस्तावनामा समेट्ने ।
– प्रस्तावनामा उल्लेखित छानविन शव्दको सट्टा जाँचवुझ शव्द राख्न उपयुक्त हुने ।
– दफा ३ मा मतियार शव्द पछाडी दुरुत्साहन गर्न, बचन दिन शव्द थप गर्न उपयुक्त हुने ।
– परिपूरक सवै दिने राज्यको क्षमता छ कि छैन पुनर्बिचार गरिनु पर्ने ?
– मुद्दा दायर गर्ने व्यवस्थापन आवश्यक जाँचवुझ गरी भन्ने शव्द आवश्यक छैन । महान्यायाधिवक्ताले निर्णय गर्ने व्यवस्था उपयुक्त भएन । अ.दु.अ. आ. ले जस्तै आयोगले नै Prosecute गर्न सक्ने अधिकार दिनुपर्ने ।
– आयोगका सदस्यको योग्यता कम्तिमा सर्बोच्च अदालतको भु.पु. न्यायाधीश सरह हुने व्यवस्था गर्न उपयुक्त हुने ।
– दफा १९ को शिर्षकमा पीडित, साक्षी तथा अन्य व्यक्तिको संरक्षण राखिनु पर्ने ।
– हदम्याद लाग्नु हुदैन । No limitation । एक वर्षको हदम्याद प्रयाप्त भएन । अन्तराष्टिय मापदण्ड अनुरुपको हदम्याद कायम हुनु पर्छ ।

– प्रमाणको भार हामीले अंगीकार गरेको Criminal jurisprudence को विरुद्ध छ । प्रतिवादीमा रहनु उपयुक्त भएन ।
– Possession संग सम्वन्धित विषयमा राज्यले प्रमाण संकलन गर्न सक्तैन भन्ने मान्यतामा केही ऐनमा यो व्यवस्था गरिएको हो ।
– निर्णय गर्ने कुरा अधिकार प्रत्यायोजन हुन सक्तैन, त्यसैले अधिकार प्रत्यायोजन सम्बन्धी कुरामा पुनर्बिचार गरिनु पर्छ ।

**मा. एकराज भण्डारी**
– पुरानो विधेयकको मस्यौदा र अहिलेको मस्यौदामा तात्विक भिन्नता छैन ।
– संवेदनशीलता भएकोले मात्रै यो विधेयकको आशय वुझ्न सक्छ ।
– छिटोभन्दा छिटो सार्वजनिक गर्नुपर्‍यो भन्ने विधेयकको आशय रहेको छ ।
– शान्ति प्रक्रिया र संविधान निर्माणसंग जोडिएको विषय हो । तसर्थ यो ऐन तत्काल ल्याईनु पर्छ ।
– दफा ५(२) मा *उपेक्षा गरेमा* भन्ने शव्दहरु अगाडि *त्यस्तो कुरा सार्वजनिक नगरी* भन्ने शव्दहरु थप गर्ने ।
– दश वर्ष सजाय कम भयो । न्यूनतम सजाय तोक्ने, अधिकतम् ज्यान सजाय सरहको व्यवस्था गर्ने ।
– १२ वर्षसम्म पनि स्थिति सार्वजनिक भएन भने त्यस्तोलाई क्षतिपूर्ति दिने व्यवस्था गर्ने ।
– आयोग गठन गर्नुपर्ने बाध्यात्मक व्यवस्था राख्ने । वरिष्ठ सदस्यको सट्टा जेष्ठ सदस्य राख्ने ।
– मुद्दा चलाउने वा नचलाउने विषयमा महान्यायाधिवक्तालाई अधिकार दिनुहुदैन ।
– हदम्याद राख्नुहुदैन ।
– घटनाका सम्बन्धमा जाँचबुझ गर्न सहयोग गर्ने राष्ट्रसेवकको सेवा परिवर्तन गर्न सक्ने व्यवस्था हुनु पर्ने ।

**हरिभक्त भट्ट**
– सजाय अपर्याप्त भयो ।
– गैर राजनीतिक व्यक्ति सिफारिश समितिमा राख्नुपर्‍यो । पीडितको प्रतिनिधित्व हुनपर्ने ।
– दफा २२ मा निशूल्क शिक्षा, रोजगार, बसोवासको व्यवस्था, ऋण सुविधा कति र कहिले सम्मलाई स्पष्ट भएन । पीडितलाई न्यायको प्रत्याभूति हुनुपर्‍यो ।

**कपिल काफ्ले**
– जिज्ञासा - सवै पक्षको जीत भएको छ भन्नु पीडितहरुको सम्मान हो कि अपमान ?
– उहाँहरुलाई सम्झेर कार्यक्रम शुरु किन नगर्ने ?
– हामी कति गम्भीर छौं ?
– Commitment चाहियो दुवैतर्फबाट ।
– वेपत्ता आयोग मात्रै किन ? TRC पनि संगै गठन हुनु पर्छ ?
– किस्तावन्दीमा चल्ने परिपाटी राम्रो भएन ।
– राजनीतिक तहवाट कार्यान्वयनको प्रतिवद्धता आउनुपर्‍यो ।

**धर्मराज न्यौपाने**
– प्रस्तावनामा आयोग गठनको कुरा हुनपर्ने ।
– दुवै पक्ष उल्लेख हुनुपर्ने ।
– TRC & disappearance commission एक अर्काका पूरक हुनुपर्ने हुँदा दुबै संगै आउनु पर्ने ।
– बेपत्ता कानून TRC संगै आएन भने वाहियात हुनेछ, कानून लागू हुने छैन ।
– पीडितहरुको राहत र पुनर्स्थापनलाई शान्ति मन्त्रालयले किन प्राथमिकतामा राखेन ? यी कुरालाई समेटेर काम गर्नु पर्छ ।

**संगीता थापा/मन्दिरा शर्मा**
– समस्यालाई संस्थागत गर्नुहुदैन भन्ने मान्यता ।
– अध्यादेशको विरोध गर्‍यौं । ढिलो गरिनु हुंदैन ।
– गैरकानूनी थुना - परिभाषामा समस्या । हिजो गैरकानूनी थुनामा परेर अहिले सार्वजनिक भइसकेको अवस्था छ ।
– परिभाषाको समस्या । परिवार - विवाह नगरेको Partner लाई पनि समावेश गरिनु पर्छ ।

- Gender perspective बाट हेरिएन । आयोग, सिफारीश समिति दुवैमा कम्तीमा १/३ महिला हुनुपर्‍यो ।
- Be Proactive
- बेपत्ता गर्ने कार्यले एकै पटक धेरै अधिकार माथि अतिक्रमण गर्छ । महिलाका सम्बन्धमा अन्य अपराध पनि संगै भएको हुन सक्छ । ती कार्यको पनि सुनुवाई हुनुपर्छ भन्ने मान्यता ।
- परिपूरण पीडितको अधिकारको विषय हो । परिपूरणका कार्यक्रम ल्याउंदा महिलाको विशेष आवश्यकता र अवस्थालाई ध्यान दिनुपर्नये ।
- साक्षीको सुरक्षा कसरी गर्ने भन्ने सोच अहिले देखि नै राख्नु पर्ने ।
- कसूरको गम्भीरता अनुसार सजाय हुनुपर्‍यो सामञ्जस्यता कायम हुनुपर्‍यो । कम सजाय भयो । निलम्वनको हद तीन महिना पनि कम भयो ।
- Retroactive effect हुन सक्छ । बेपत्ताको अपराध  निरन्तर अपराध भएकोले उक्त तर्क यहाँ लागु हुदैन ।
- दायित्वको सम्वन्धमा gender prespective, Psycho–social counseling विशेष तालीम प्राप्त कर्मचारी हुन पर्छ ।
- आयोगको सिफारिशको कार्यान्वयनको सुनिश्चितता यसै ऐनद्वारा हुनुपर्‍यो ।
- महान्यायाधिवक्तालाई मुद्दा चलाउन दिने अधिकार प्रति आपत्ती छ । आयोगले एक पटक छानबिन गरिसकेपछि पुन छानविन गर्नुहुँदैन ।
- विज्ञ माग गरेको अवस्थामा उपलब्ध गराउने दायित्व उल्लेख हुनुपर्ने ।
- Ensure Accessibility of people on commission. Traditional justice system लाई अपनाउनु ठिक होईन ।

**<u>रीता रावल</u>**

- सवै क्षेत्रका पीडित बालबालिकालाई निःशुल्क शिक्षा दिनु पर्ने । मनोविमर्शसेवा प्राथमिकता क्षेत्रमा राख्नुपर्ने ।
- सजाय कम भएको छ ।
- बेपत्ता पार्ने कार्यमा दुवै पक्ष दोषी छन् ।

**<u>विनोद चौधरी (नेपाल समाजवादी लोकतान्त्रिक दल)</u>**

- व्यक्ति बेपत्ता पार्ने कार्य गम्भीर अपराध भएकोले अपराध गर्नेले छुट पाउनु भएन ।
- आदेश दिने पनि दोषी भएकोले निजले सफाई पाउने अवस्था हुनु हुदैन ।
- २०६३ मंसिर ५ पछि पनि बेपत्ता पार्ने कार्य भई रहेको छ सो घटना लाई पनि विधेयकमा समेट्नु पर्छ ।
- आयोगको गठन  समावेशी भएमा त्यस्तो आयोगबाट प्रदान गरिने न्याय पनि समावेशी हुन्छ ।
- २२ (२) (च) स्पष्ट भएन । अन्य भनेको के हो ?
- कार्यटोली पनि समावेशी हुनुपर्‍यो ।
- राजनीतिक जटिलता सुल्झाउने नाउँमा अपराधलाई ढाकछोप गर्नु हुँदैन ।

**<u>कल्याणी शाह (ने.क.पा. संयुक्त)</u>**

- TRC र बेपत्ता अयोग एकै ठाँउमा राखिनु पर्छ । यि दुबै आयोग अनुसन्धान गर्ने निकाय मात्र हुन ।
- स.अ.को आदेशसंग तादात्म्यता कायम हुनुपर्‍यो । Convention अनुसार हुनुपर्‍यो ।
- कस्तो मान्छे नियुक्त गर्ने ? स्पष्ट रुपमा तोकिनुपर्छ ।
- आयोगको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितता हुनुपर्‍यो ।

**<u>सावित्री थापा</u>**

- परिभाषा र प्रस्तावना-विरोधाभाषपूर्ण छ ।
- permanent आयोग हुनु पर्छ ।
- आयोगको सिफारिस समितिको अध्यक्षमा Political व्यक्ति हुनु भएन ।
- महिला सहभागिता वढी हुनु पर्‍यो ।
- सुझावको कार्यान्वयनको सुनिश्चितता हुनुपर्‍यो ।

**<u>सोनु पोखरेल</u>**

- पटक पटक सरकार फेरिदैं जाने र पटक पटक राय सुझाव संकलन गर्दै जाने Never ending preocess हुनु भएन ।
- सजाय अपर्याप्त भएको छ । आजीवन कारावस वा मृत्युदण्ड हुनपर्छ । सजाय घटाउने व्यवस्था हुनु भएन ।

- आयोगको गठन ।
- धेरै formality तर्फ लाग्नु हुदैन । हाम्रो धैर्यताको बाँध टुट्दैछ ।
- हामी सदाका लागि हार्ने अवस्था यो विधेयकले सिर्जना गरेको छ ।

**Richard Bennett**

- This meeting is Valuable to listen important submission of participants.
- Law should be sufficient on its objectives.
- Acknowledgement of progressive improvement / The Bill seems to be significantly stronger than the previous one.
- The Bill has still some flaws though minor. However, they could have significant impacts and create big obstacles while delivering justice to the victims.
- Though the Bill has met several international standards, some weaknesses are still inherent within it.
- The definition of "Disappearance of Persons" is not compatible with the international definition.
- The provision that amnesty shall not be granted should be categorically mentioned in the Bill.
- Punishment should be Higher / should be 3-15 yrs.
- Limitation - too restrictive / should be longer / 15-20 yrs.
- No limitation is cases of crimes against humanity.
- Disappearance as a crime against humanity is not covered in the Bill.
- Burden of proof should be on state. Accused should be presumed innocent unless proven guilty.
- Establishment of Commission should be inclusive and transparent, selection should be fair/ specify the process of selection / call for nomination / Commission should be independent and impartial.
- The Bill should provide for sound victims protection measures.
- ICC statute would be a good reference.
- Law should clarify the relation with TRC and other instruments. In Sierra Leone lack of clarity between the TRC and Special Court created several problems.
- Should be gender sensitive
- Protection should be provided against self incrimination.
- Reparation should include full set of restitution, rehabilitation, compensation, non-repetition.

**Ms. Ruth Hugo / ICTJ**

- Higher penalty- maximum sentence should be introduced.
- Specific language used in Rome statute- act of disappearance is defined as the crime against humanity.
- Formation process should be transparent and inclusive.
- Explicit time should be provided for public to call for nominations.
- independence of the commission should be ensured by the law itself.
- The Commission should be provided with the right of fund raising with international organizations.
- Right to legal representation and right to silence should be guaranteed by the law.
- Provision of search of warrants without information should be changed.

**Mr. Jean Paul Corbe / ICRC**

- Right to know is not sufficiently addressed in the Bill.
- Obligation to punish is there but not right to know.
- Who is responsible for the acts of disappearance ? / will perpetrator be punished ?
- Time limitation should be widened / A commission would take at least 5-10 yrs for the accomplishment of its task.

**गोविन्द पराजुली**

- दफा २६ हदम्याद मुद्दा दायर गर्ने सम्बन्धमा हो कि FIR को रुपमा ? उजुरी दिने म्यादको रुपमा उल्लेख गर्नु उपयुक्त हुने ।
- दफा २६ को उपदफा (१) र (२) संग उपदफा (३) बाझिएको छ ।
- दफा ३७ कार्यावधि तोकिएको अवधिमा काम सम्पन्न गर्न नसके म्याद थप गर्ने प्रावधान राख्नु उपयुक्त हुने ।
- परिभाषामा व्यक्तिको परिभाषा राख्न उपयुक्त हुने ।

**लालवावु यादव**

- आयोगलाई सशस्त्र द्वन्द्व पछिका घटनाका वारेमा पनि अधिकार हुनु पर्छ ।
- सम्पत्ति फिर्ताको mechanism, limitation उल्लेख हुनुपर्ने ।
- आयोगमा महिलाको साथै दलित राख्नु पर्ने ।
- LPC ले Facilitate गर्नुपर्‍यो ।
- दफालाई संविधान संग मिल्दो गरी राख्न सुझाव ।

**कमला थाम्सुहाङ्ग नकर्मी - पीडित**

- आयोगमा वालमनोविज्ञान विज्ञ हुनुपर्ने ।
- विधेयकले वेपत्ता पार्ने उपराधलाई निर्मूल गर्ने लक्ष्य राखेको छ ।
- हाम्रा बालवच्चाहरुसंग ५ मिनेट वसेर अन्तरक्रिया गर्नु हुन म सुझाव दिन्छु । हामिले हाम्रा बच्चाहरुको जवाफ दिन सकेका छैनौ । सधै बुवाको वारेमा सोध्छन् ।
- गोष्ठिहरु हाम्रो घाउमा नुनचूक छर्ने काम भएको छ । पटक पटक यसरी कार्यक्रम मात्र गरेर नाटक मंचन नगर्नुहोस् । हात्ती आयो फुस्सा हुनु भएन ।
- यस सम्बन्धमा पच्चीसै दलले commit गर्नुपर्‍यो ।
- आयोगमा पीडित व्यक्तिको परिवार हुनुपर्‍यो ।
- म.न्या.व.का. मा लगिनु हुँदैन ।
- ज्यान मार्नेलाई सरह सजाय हुनुपर्‍यो ।

**समापन :**

कार्यक्रमका सहभागिहरुले आफ्नो राय, सुझाव, तथा प्रतिक्रिया दिने क्रम समाप्त भएपछि माननीय मन्त्रीज्यूबाट सहभागीहरुको जिज्ञासालाई सम्बोधन गर्दै आफ्नो परिवारका सदस्य गुमाएका व्यक्तिहरुलाई आधार दिने, पीडा शान्त गर्नुपर्ने, बेपत्ता भएकाहरुको वास्तविक स्थिति पत्ता लगाई तिनीहरुको स्थिति सार्वजनिक गर्ने पीडित परिवारलाई राहतदिने दायित्व राज्यको हो । सरकारले बेपत्ता पारिएका व्यक्ति सम्बन्धी छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने कुरामा सरकार प्रतिवद्ध छ । यसलाई सरकारले यस वर्षको नीति तथा कार्यक्रममा स्पष्ट साथ उल्लेख गरेको छ र आगामी आ.व. भित्रै आयोग गठन हुने साथै त्यस्तो आयोग सम्बन्धमा अन्तरराष्ट्रिय प्रचलन, मान्यता, नियम, कानून र हाम्रो देशको वस्तुपरक यथार्थलाई सम्बोधन गर्ने ढंगको विधेयक आउँछ भन्ने विश्वास दिलाउँछु भनी सरकारको प्रतिवद्धता व्यक्त गर्नु भयो ।

यसैक्रममा मा. मन्त्रीज्यूबाट विधेयकका सम्बन्धमा सहभागिहरुबाट आएका सुझाबहरु मननयोग्य रहेका छन् । खासगरी महिला, वालवालिका आदिवासी/जनजाती सवैको Access को कुरा मननयोग्य विषय हो । दण्डहिनताको अन्त्यगर्न, आयोगलाई समाबेशी बनाउने, मानव अधिकारको उलंघनलाई निरुत्साहित गर्ने, उजुरीका लागि हदम्याद राख्न नहुने, त्यस्तो कार्यलाई निरुत्साहित गर्ने, महान्यायाधिवक्ताबाट मुद्दा चलाउने आदि विषयमा कुराहरु उठेका छन् । यि सुझावहरुले यस्तो कार्यमा संलग्न हुनेलाई दण्ड दिने गरी कानूनको तर्जुमा गर्ने कार्यमा विधेयकको मस्यौदा परिमार्जन गर्न सघाउ पुग्नेछ । सहभागिहरु सबैमा सक्रिय सहभागिताको लागि धन्यवाद, सहभागीहरुको सुझाव अनुसार सर्वस्विकार्य हुने गरी विधेयक परिमार्जन गरी आगामी अधिवेशनमा विधेयक व्यवस्थापिका-संसदमा पेश हुनेछ भन्ने प्रतिवद्धता व्यक्त गर्दै कार्यक्रमको समापन गर्नु भयो ।